# डेंगु ज्वरो सम्वन्धमा स्वास्थ्य मन्त्रालयको

# प्रेस विज्ञप्ति

हाल नेपालका केही जिल्लाहरुमा देखा परेको डेंगु ज्वरोका सम्वन्धमा विभिन्न संचार माध्यमहरुमा प्रकासित समाचार वारे यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । यस सम्वन्धमा सर्वसाधारणको जानकारीका लागि स्वास्थ्य मन्त्रालय निम्न व्यहोरा अनुरोध गर्दछ ।

डेंगु ज्वरो एडिज जातको लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । यो लामखुट्टे अन्य लामखुट्टे भन्दा अलि ठूलो आकारको र कालोसेतो छिर्केमिर्के रंगको हुन्छ । यो लामखुट्टे सहर तथा नगरउन्मुख गा.वि.सहरुमा बढी पाइन्छ । ती ठाउँका खुल्ला स्थानमा राखिएका मोटर गाडीका टायरहरु, प्लाष्टिकका पानीका वोतलहरु, प्लेट सहितको गमला, फुटेका भाँडाकुँडा तथा खपटाहरु, सिमेन्ट पोतिएका पानी जम्ने साना स्थानहरु र विविध प्रयोजनका लागि जम्मा गरेर राखिएको पानीका भाँडाहरुमा यस जातका लामखुट्टले आफ्नो वृद्धि विकास गर्ने भएकोले पानी जम्ने अवस्था आउनै नदिने र भैसकेको छ भने नष्ट गर्नु नै यस रोगबाट बच्ने सवै भन्दा प्रभावकारी उपाय हो ।

डेंगु ज्वरो अति तीव्र खाले विषाणुजन्य रोग हो । यसका लक्षणहरु, एक्कासी ३ देखि ५ दिन सम्म ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, मांसपेशी तथा जोर्नीहरु दुख्ने, आँखाको गेडी दुख्ने, अरुचि हुने, पेट तथा आन्द्रामा गडबडी हुने र डाबरहरु आउने गर्दछन् । केही बिरामीमा सुरुमै शरीर रातो विमीरा आउँछन् । त्यस्तै शरीरमा डण्डीफोर जस्तो डाबरहरु (Maculopapular Rash) देखिन्छन् । ज्वरो आइरहेका अवस्थामा केहि विरामीहरुमा नाक तथा गिजाबाट रगत वग्ने र छालामुनि रक्तस्राव हुने (Petechiae) हुन्छ । तर डेंगू हिमोराजिक फिभर वाहेक अन्य ज्वरोमा मृत्युदर ज्यादै न्यून हुन्छ ।

यस्ता बिरामीहरुलाई विशेष हेरचाहको लागि अस्पताल भर्ना गर्नु पर्दछ । यो रोगका बिरामीहरु सामान्यतया वैशाख देखि मंसिर महिनासम्म देखिने गरेका छन् ।

**हालको वस्तुस्थिति** :

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा विभिन्न जिल्लाहरुवाट प्राप्त विवरण अनुसार हालसम्म डेंगु रोगको अवस्था तथा व्यवस्थापन निम्न वमोजिम रहेको छ-

- आ.व. २०७३/७४ को श्रावण देखि हालसम्म जम्मा प्रभावित जिल्लाहरु चितवन, पर्सा, कैलाली, कञ्चनपुर, झापा, सप्तरी, रुपन्देही, सुनसरी,नवलपरासी आदि । जसमध्ये चितवन जिल्ला वढि प्रभावित छ ।
- देश भरिमा श्रावण देखि हाल सम्म जम्मा २४७ जना डेंगु रोगका विरामी पुष्टि भएको । जसमध्ये हाल सम्म कसैको पनि मृत्यू नभएको । जम्मा २४७ जना मध्ये चितवनमा मात्र २१९ जना विरामी भेटिएको ।
- चितवनको २१९ जना विरामी मध्ये १६६ जना विरामी रत्ननगर नगरपालिकाका भएको (सो न.पा, वार्ड नं २ र ८ वढि प्रभावित भएको)
- काठमाण्डौंका सम्वन्धमा शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा गत वैशाख देखि आजसम्म डेंगु रोग प्रमाणित १४ जनाको उपचार भएको । ती मध्ये उपत्यका ठेगाना भएका जम्मा २ जना विरामी रहेका । काठमाण्डौ उपत्यकामा डेंगु रोग फैलाउने लामखुट्टेको घनत्व तुलानात्मक रुपले कम भएको कारणले माहामारी हुन सक्ने सम्भावना न्यून रहेको । तथापि सर्तक भने रहिरहनु पर्ने अवस्था छ ।
- रोग निदानका लागि आवश्यक कीट इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखावाट जिल्लाहरुको माग वमोजिम आपूर्ति भईरहेको । जिल्ला (जन) स्वास्थ्य कार्यालयहरुमा पनि कीट खरिदको वजेट व्यवस्था गरिएको । नपुग कीट खरिदका लागि केन्द्रमा प्रकृया अगाडी वढाई सकिएको । कीटले रोगको निदान मात्र गर्ने तर लक्षण तथा चिन्हका आधारमा पनि यो रोगको उपचार हुने भएकोले विरामीले चिकित्सकको प्रत्यक्ष निगरानीमा उपचार गराउनु पर्छ ।
- शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा डेंगु परीक्षण कीटको आवश्यकता अनुसार आपूर्ति भईरहेको र आएका विरामीहरुको जाँच तथा उपचार भईरहेको ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

- यही आश्विन १६ देखि १८ गते सम्म रोग प्रभावित रत्ननगर नगरपालिकामा डेंगु सार्ने लामखुट्टेको वासस्थान खोजि गरी लार्भा नष्ट गर्ने कार्यक्रम (सर्च एण्ड डिष्ट्रोई) सम्पन्न भइसकेको । सो कार्य वृहत रुपमा यहि कार्तिक ५ गतेबाट पुनः शुरु गरिने छ । साथै डेंगु रोग सार्ने लामखुट्टेको खोजि (भेक्टर सर्भिलेन्स) र सरोकारवाला सवै निकायहरुसंग अन्तरक्रिया कार्यक्रम तय गरिएको छ ।
- दशै अघि देखिनै चितवनका सवै एफ.एम. रेडियो र टि.भि.वाट दिनको ५ पटक यो रोग र त्यसवाट वच्ने उपायहरुका वारेमा सन्देशमूलक प्रसारण भईरहेको छ । भरतपुर नगरपालिका र रत्ननगर नगरपालिकाका प्रभावित स्थानहरुमा माइकिङ्गद्धारा सन्देशमूलक सुचनाहरु प्रसारण गरिएको ।
- भरतपुर अस्पताल र वकुलहर अस्पताललाई हाल सम्म ५०० वटा र्‍यापिड डायग्नोष्टिक टेष्ट कीट उपलव्ध गराई निःशुल्क परीक्षण गरिएको । नपुग कीट उपलव्ध गराईने क्रममा रहेको ।
- मिति २०७३ आश्विन २१ गते इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखावाट खटिगएको टीमले स्थानीय सरोकारवाला, टोल सुधार समिति, पत्रकार, राजनैतिक दल, समाजसेवी, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थितिमा डेंगु रोगको वारेमा अन्तरक्रिया कार्यक्रम गरिएको ।
- मिति २०७३ आश्विन २२ गते स्थानीय सांसद सहित माथि उल्लिखित टोलीले वढि प्रभावित रत्ननगर नगरपालिका वार्ड १ र २ को प्रत्येक घर-घरमा गई लामखुट्टेको वासस्थान खोजी गरि लार्भा नष्ट गरेको ।
- डेंगु प्रभावित अन्य जिल्लाहरुमा पनि समन्वय गरी चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई पटकपटक यस रोग सम्वन्धि तालिम भईरहेकोले समयमानै उपचार तथा व्यवस्थापन भएको । हालसम्म कसैको पनि मृत्यु नभएकोले अस्पतालहरुमा विरामी व्यवस्थापन र उपचार प्रकृया सन्तोषजनक रहेको भन्न सकिन्छ ।
- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भित्र र वरिपरि जिका, डेंगु र चिकुनगुनिया रोग फैलाउने लामखुट्टे खोजी र लार्भा नष्ट गर्ने कार्यक्रम केहि दिन भित्रै शुरु गरिदै छ ।

**यो रोगबाट बच्ने उपायहरु :**

- डेंगु ज्वरो लामखुट्टेको टोकाइबाट सर्ने भएकोले यसको टोकाइबाट बच्नको लागि, पुरा शरीर छोपिने लुगा लगाउने र दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्नु पर्दछ । हात खुट्टामा लामखुट्टे भगाउने क्रिम लगाउनाले पनि लामखुट्टेको टोकाईबाट वच्न सकिन्छ ।
- डेंगु सार्ने एडिज् लामखुट्टेले मानिसको वस्ती वरिपरि प्राकृतिक वा कृत्रिम रुपले जमेको पानी जस्तै मर्मत गर्न राखेका वा फँयाकेका टायरहरु, बाटा, बाल्टीन, प्लेट सहितको गमला, एयर कन्डीसनर, लोटा, गिलास, कतारो, खुल्ला वोतलहरु, थोरै भन्दा थोरै पनि पानी जम्ने भाँडाहरु (जस्तै सिसिको विर्को), खुल्ला पानीको ट्यांङ्की वा खुल्ला पानीका भाँडाहरुमा फूल पारी वृद्धि विकास गर्ने भएकोले आँफैले लामखुट्टेका यस्ता वासस्थान खोजि तथा लार्भा नष्ट गर्नु पर्दछ ।
- डेंगु ज्वरोको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त संपर्क गर्नुपर्दछ । यो रोग चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा उपचार गरे निको हुन्छ ।

**माथिका तथ्यहरुवाट थाहा हुन्छ कि यो रोगवाट वच्न र वचाउनमा समुदायको भूमिका महत्वपूर्ण र अत्यन्त प्रभावकारी हुने भएकोले सहयोगका लागि स्वास्थ्य मन्त्रालय सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछ ।**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक